नेपाल पत्रकार महासंघ

Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७८/०४/०८ गते

प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघको एसोसिएट संस्था नेपाल खेलकुद पत्रकार मञ्चका सदस्य एवं मेरोखेल डटकमका सम्पादक बिभु श्रेष्ठ र खेल पत्रकार बिभा थापालाई समाचार संकलनको क्रममा राष्ट्रिय फुटबल टिमका मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले दुर्व्यवहार गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

साउन ७ गते बिहीबार एन्फा मुख्यालय सातदोबाटोमा राष्ट्रिय टिमको प्रशिक्षणका क्रममा सार्वजनिक स्थानमा गरिएको धुम्रपानको विषयमा प्रश्न सोधिएका बेलाा प्रशिक्षक अलमुताइरीले पत्रकारद्वयलाई दुर्व्यवहार गरेका थिए ।

नागरिकलाई सुसूचित गर्ने पेशागत कर्म निर्वाहमा जुटेका पत्रकारमाथि राष्ट्रिय टिमको जिम्मेवार व्यक्तिबाट भएको यो कार्य आफैंमा निन्दनीय हुनुका साथै प्रेसको स्वतन्त्रतामाथि आघात पुगेको छ । महासंघ पत्रकारको संवैधानिक अधिकारको सम्मान गर्न र यस्ता कार्य नदोऱ्याउन सम्बन्धित पक्षको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org